# राष्ट्रिय चिया तथा कफी विकास बोर्डबाट सञ्चालन गरिने कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७२ (पहिलो संशोधन, २०७५)

नेपाल सरकार (सचिवस्तर) मिति २०७२/९/१७ गतेको निर्णयबाट स्वीकृत

पहिलो संशोधन मिति ....२०७५/०८/१९

नेपाल सरकार

राष्ट्रिय चिया तथा कफी विकास बोर्ड

२०७५

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

# राष्ट्रिय चिया तथा कफी विकास बोर्डबाट सञ्चालन गरिने कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७२

## प्रस्तावना

राष्ट्रिय चिया तथा कफी विकास बोर्ड ऐन, २०४९ अन्तर्गत नेपाल सरकारद्वारा स्थापित यस राष्ट्रिय चिया तथा कफी विकास बोर्डले स्थापनाकालदेखि नै नेपाली चिया र कफी क्षेत्रसँग सम्बन्धित नीति, नियम तथा योजना तर्जुमा गरी चिया तथा कफीको गुणस्तरीय उत्पादन, प्रशोधन, बजार व्यवस्थापन सहित समग्र विकासका लागि कार्य गर्दै आएको छ । आयात प्रतिस्थापन र निर्यातमा महत्वपुर्ण भूमिका खेलेको नेपाली चिया र कफी क्षेत्रको विकास र विस्तारका लागि आवश्यक पर्ने प्राविधिक एवं वित्तीय सहयोगका लागि बोर्डले हरेक वर्ष नेपाल सरकारबाट प्राप्त गर्ने वार्षिक स्वीकृत कार्यक्रमहरू — चिया/कफी विस्तार कार्यक्रम, मेसिनरी औजार तथा कारखाना स्थापनार्थ अनुदान कार्यक्रमहरूको व्यवस्थित र प्रभावकारी कार्यान्वयनको लागि यो कार्यविधि तयार गरी लागु गरिएको छ ।

## परिच्छेद - एक
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः**

(क) यो कार्यविधिको नाम "राष्ट्रिय चिया तथा कफी विकास बोर्डबाट सञ्चालन गरिने कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७२" रहने छ।

(ख) यो कार्यविधि नेपाल सरकार, कृषि तथा पशुपन्छी* विकास मन्त्रालयबाट स्वीकृत भएको मितिबाट प्रारम्भ हुने छ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा —

(क) "बोर्ड" भन्नाले राष्ट्रिय चिया तथा कफी विकास बोर्डलाई सम्झनुपर्छ ।

(ख) "कार्यकारी निर्देशक" भन्नाले बोर्डको कार्यकारी निर्देशकलाई सम्झनुपर्छ ।

(ग) "बोर्ड व्यवस्थापन" भन्नाले कार्यकारी निर्देशकको अध्यक्षतामा रहेको बोर्डको प्रशासन र योजना शाखा प्रमुख सहितको व्यवस्थापनलाई सम्झनुपर्छ ।

(घ) "बोर्ड सदस्य" भन्नाले बोर्डको कार्यसमितिको सदस्यलाई सम्झनुपर्छ ।

(ङ) "कार्यविधि" भन्नाले "राष्ट्रिय चिया तथा कफी विकास बोर्डबाट सञ्चालन गरिने कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७२" लाई सम्झनुपर्छ ।

(च) "कार्यक्रम" भन्नाले बोर्डबाट सञ्चालन गरिने कार्यक्रमलाई सम्झनुपर्छ।

(छ) "निकाय" भन्नाले सम्बन्धित सरकारी कार्यालयमा विधिवत रूपमा दर्ता भई चिया वा कफी सम्बन्धि कार्य गर्ने कृषक समुह/फर्म/संघ/सहकारी संघ/संस्थालाई सम्झिनुपर्छ ।

(ज) "सहकारी संघ/संस्था" भन्नाले चिया तथा कफीसँग सम्बन्धी काम गर्नका लागि सहकारी ऐन, २०४८ अन्तर्गत विधिवत दर्ता भएका सहकारी संघ/संस्थालाई सम्झिनुपर्छ ।

---

*पहिलो संशोधन, २०७५ बाट थपिएको

(झ) "प्रस्ताव" भन्नाले सूचना प्रकाशन पछि चिया वा कफीसँग सम्वन्धित निकायले पेश गरेको अवधारणा पत्रलाई सम्झिनुपर्छ ।

(ञ) "नर्सरी" भन्नाले बिरूवा उत्पादनका लागि सबै मापदण्डहरू पुरा भएको गुणस्तरिय नर्सरीलाई सम्झिनुपर्छ ।

(ट) "कटिङ् डाला" भन्नाले चियाको प्रसारणको लागि माउ बोटबाट लिइएको हाँगालाई सम्झिनुपर्छ।

(ठ) "अनुगमन" भन्नाले अनुदान प्राप्त गरेका निकायको स्थलगत अनुगमन सम्झिनुपर्छ ।

३. <u>उद्देश्यहरूः</u> यस कार्यविधिका उद्देश्यहरू देहाय बमोजिम रहेका छन् :-

(क) चिया तथा कफीका व्यवसायिक फर्म, सहकारी संघ/संस्था तथा निजी उद्योगहरूको क्षमता विकासका लागि उपलब्ध गराइने भौतिक तथा आर्थिक अनुदानलाई व्यवस्थित र पारदर्शी गराउने,

(ख) चिया तथा कफी खेती विस्तार कार्यक्रमलाई सम्भावित जिल्लाहरूमा विशिष्टिकरण गरी व्यवस्थित रूपले कार्यान्वयन गर्न सहयोग पुऱ्याउने, र ,

(ग) प्राङ्गारिक चिया तथा कफी उत्पादक फर्म तथा सहकारी संघ/संस्थालाई प्रोत्साहन गर्ने ।

## परिच्छेद - दुई

## <u>चिया/कफी खेती विस्तार कार्यक्रम सम्बन्धी व्यवस्था</u>

४. <u>प्रस्ताव आह्वानः</u>

(क) चिया/कफी खेती विस्तार कार्यक्रम अन्तर्गत उत्पादन, प्रशोधन तथा बजारीकरणको लागि बोर्डको स्वीकृत वार्षिक कार्यक्रम अनुसार राष्ट्रिय दैनिक पत्रिका मार्फत प्रस्ताव आह्वान गरिने छ ।

(ख) प्रस्ताव आह्वानको सूचना अनुसूची-१ बमोजिम हुनेछ ।

(ग) निवेदकले अनुसूची-२ बमोजिमको निवेदन र सम्बन्धित जिल्लामा रहेको बोर्डको कार्यालय वा बोर्डको कार्यालय नभएको जिल्लाको हकमा सम्बन्धित पालिका*को सिफारिस सहित अनुसूची-३ बमोजिमको ढाँचामा प्रस्ताव पेश गर्नु पर्नेछ ।

५. <u>प्रस्ताव मूल्याङ्कन तथा छनौट विधिः</u> प्रस्ताव मूल्याङ्कन तथा छनौट विधी देहाय बमोजिम हुनेछ :—

(१) प्रस्ताव आह्वान बमोजिम समय सिमा भित्र प्राप्त हुन आएका प्रस्तावहरू उपर बोर्ड व्यवस्थापनद्वारा अनुसूची-४ बमोजिम गठित प्राविधिक समितिले अनुसूची-५ बमोजिमको ढाँचामा मूल्याङ्कन गरी प्रतिस्पर्धाको आधारमा बोर्ड व्यवस्थापनलाई सिफारिस गर्नेछ ।

(२) प्राविधिक समितिको सिफारिसका आधारमा बोर्ड व्यवस्थापनले अन्तिम छनौट गरी निर्णय गर्नेछ।

(३) प्रस्तावकहरूको समान अंक भएमा बोर्ड व्यवस्थापनले आवेदकहरूको व्यवस्थापकिय तथा वित्तिय क्षमताको आधारमा निर्णय गर्नेछ ।

(४) छनौट भएका प्रस्तावकहरूसँग अनुसूची-६ बमोजिमको ढाँचामा सम्झौता गरि सम्झौता रकमको ५० प्रतिशत रकम उपलब्ध गराइनेछ ।

---

*पहिलो संशोधन, २०७५ बाट संशोधन गरिएको ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

६. **अनुदान उपलब्ध गराइने आधारहरू:** अनुदान उपलब्ध गराइने आधारहरू देहाय बमोजिम हुनेछन् :—

(क) प्रस्तावको साथ संलग्न गर्नु पर्ने कागजातहरू अनिवार्य रूपमा पेश गर्नु पर्नेछ । माग अनुरूपका कागजातहरू अपुग भएमा प्रस्ताव रद्ध गर्न सकिनेछ ।

(ख) अनुदान लिन इच्छुक निकाय बोर्डमा दर्ता भएको हुनुपर्ने छ।

(ग) प्राङ्गारिक खेती गर्ने आधारहरू सहित प्रस्ताव पेश गर्ने आवेदकलाई प्राथमिकता दिइने छ।

(घ) विरूवा रोपणको लागि प्रस्ताव गर्ने आवेदकले लेआउटका साथै विरूवा रोपण गर्नु पूर्व गर्नुपर्ने छहारी व्यवस्थापन लगायतका सम्पुर्ण कार्य पुरा गरिसकेको हुनुपर्नेछ भने विरूवाको श्रोत समेत खुलाएको हुनुपर्नेछ ।

(ङ) नर्सरी अनुदानको लागि प्रस्ताव पेश गर्ने आवेदकले भविष्यमा विरूवाको माग तथा सम्भाव्य लाभान्वित किसानहरूको अग्रिम पहिचान गरेको हुनुपर्नेछ ।

(च) चियाको विरूवा रोपणको लागि न्युनतम २.५ हेक्टर र नर्सरीको लागि न्युनतम १,००,००० विरूवा उत्पादनको लागि प्रस्ताव पेश गरेको हुनुपर्नेछ ।

(छ) कफीको विरूवा रोपणको लागि न्युनतम ०.५ हेक्टर र नर्सरीको लागि न्युनतम १०,००० विरूवा उत्पादनको लागि प्रस्ताव पेश गरेको हुनुपर्नेछ ।

(छ) चिया/कफी उत्पादक सहकारी संघ/संस्थाहरूको प्रस्तावलाई प्राथमिकता दिइनेछ।

(ज) बैदेशिक रोजगारीबाट फर्केका युवा वर्ग, शिक्षित बेरोजगार तथा सहकारी संघ/संस्थाहरूको प्रस्तावलाई प्राथमिकता दिइने छ ।

(झ) सोही कार्यको लागि अन्य निकायबाट अनुदान लिएको भए उल्लेख गर्नु पर्नेछ ।

(ञ) ८०० मिटरभन्दा माथिको उचाइको कफी रोपणलाई मात्र अनुदान उपलब्ध गराइनेछ ।

७. **उपलब्ध गराइने अनुदान रकम:** अनुदान प्रतिशत र रकम देहाय बमोजिम हुनेछ :—

| | नर्सरी | विरूवा रोपण |
|---|---|---|
| चिया | प्रति डाला रू१ (एक) मा नबढ्ने गरी १००% | प्रति बिरूवा रू १० (दस) मा नबढ्ने गरी ५०% |
| कफी | गुणस्तिरिय बीउ र पोली व्याग १००% अनुदानमा उपलब्ध गराइने | प्रति बिरूवा रू३० (तीस)* मा नबढ्ने गरी ५०% |

८. **अनुगमन निरीक्षण र भुक्तानीको व्यवस्था:** अनुगमन निरीक्षण र भूक्तानीको व्यवस्था देहाय बमोजिम हुनेछ:—

(१) अनुदान प्राप्त गर्ने निकायलाई अनुदान रकम उपलब्ध गराउनु अघि बोर्डले अनुगमन गर्न सक्नेछ।

(२) अनुदान प्रापकले कार्यसम्पन्न प्रतिवेदन बुझाइसके पछि बोर्डले अनिवार्य अनुगमन गर्नेछ ।

(३) अनुगमन प्रतिवेदन प्राप्त भए पछि सम्झौता रकमको बाँकी ५० प्रतिशत अनुदान रकम उपलब्ध गराइनेछ।

(४) अनुगमन प्रतिवेदन अनुसूची-७ बमोजिम हुनेछ।

---

*पहिलो संशोधन, २०७५ बाट संशोधन गरिएको ।

सचिव

(५) [1]बोर्ड, प्रदेश वा स्थानीय तहको प्रतिनिधित्व सहितको अनुगमन टोलीले कार्यक्रमको मर्म अनुरूप कार्य भएको वा नभएको बारे निरन्तर अनुगमन गर्नेछ ।

## परिच्छेद - तीन

## चिया प्लकिङ/प्रुनिङ, कफी पल्पिङ लगायत अन्य मेसिनरी औजारमा अनुदान सम्बन्धी व्यवस्था

९. प्रस्ताव आह्वानः

(क) बोर्डको स्वीकृत वार्षिक कार्यक्रम अनुसार राष्ट्रिय दैनिक पत्रिकामा प्रस्ताव आह्वानको सूचना प्रकाशित गरिने छ ।

(ख) प्रस्ताव आह्वानको सूचना अनुसूची-१ बमोजिम हुनेछ ।

(ग) निवेदकले अनुसूची-२ बमोजिमको निवेदन र सम्बन्धित जिल्लामा रहेको बोर्डको कार्यालय वा बोर्डको कार्यालय नभएको जिल्लाको हकमा सम्बन्धित पालिका[2]को सिफारिस सहित अनुसूची-३ बमोजिमको ढाँचामा प्रस्ताव पेश गर्नु पर्नेछ ।

१०. प्रस्ताव मूल्याङ्कन तथा छनौट विधिः प्रस्ताव मूल्याङ्कन तथा छनौट विधी देहाय बमोजिम हुनेछ :—

(१) प्रस्ताव आह्वान बमोजिम समय सिमा भित्र प्राप्त हुन आएका प्रस्तावहरू उपर बोर्ड व्यवस्थापनद्वारा अनुसूची-४ बमोजिम गठित प्राविधिक समितिले अनुसूची-५ बमोजिमको ढाँचामा मूल्याङ्कन गरी प्रतिस्पर्धाको आधारमा बोर्ड व्यवस्थापनलाई सिफारिस गर्नेछ ।

(२) प्राविधिक समितिको सिफारिसका आधारमा बोर्ड व्यवस्थापनले अन्तिम छनौट गरी निर्णय गर्नेछ।

(३) प्रस्तावकहरूको समान अंक भएमा बोर्ड व्यवस्थापनले आवेदकहरूको व्यवस्थापकिय तथा वित्तिय क्षमताको आधारमा निर्णय गर्नेछ ।

(४) छनौट भएका प्रस्तावकहरूसँग अनुसूची-६ बमोजिमको ढाँचामा सम्झौता गरिनेछ ।

११. अनुदान उपलब्ध गराइने आधारहरूः अनुदान उपलब्ध गराइने आधारहरू देहाय बमोजिम हुनेछन् :—

(क) प्रस्तावको साथ संलग्न गर्नु पर्ने कागजातहरू अनिवार्य रूपमा पेश गर्नु पर्नेछ । माग अनुरूपका कागजातहरू अपुग भएमा प्रस्ताव रद्ध गर्न सकिने छ ।

(ख) अनुदान लिन इच्छुक निकाय बोर्डमा दर्ता भएको हुनुपर्ने छ ।

(ग) बैदेशिक रोजगारीबाट फर्केका युवा वर्ग, शिक्षित बेरोजगार तथा सहकारी संघ/संस्थाहरूको प्रस्तावलाई प्राथमिकता दिइने छ ।

(घ) सहकारी संघ/संस्थाहरू सहकारीको सिद्धान्त र मूल्यमान्यता अनुरूप सञ्चालन भए/नभएको मूल्याङ्कन गरिनेछ ।

(ङ) प्रशोधन मेसिनरीहरू उपलब्ध गराउँदा अनुगमन गरी उत्पादनको आकारलाई हेरी निर्णय गरिने छ ।

---

[1] पहिलो संशोधन, २०७५ बाट थपिएको ।

[2] पहलो संशोधन, २०७५ बाट थपिएको ।

१२. <u>उपलब्ध गराइने अनुदान रकमः</u> यसरी मेसिनरी औजारहरूमा उपलब्ध गराइने अनुदान रकम खरिद गरेको भ्याट विलको ५० प्रतिशत भन्दा नबढ्ने गरी हुनेछ ।

१३. <u>अनुगमन निरीक्षण र भुक्तानीको व्यवस्थाः</u> अनुगमन निरीक्षण र भुक्तानीको व्यवस्था देहाय बमोजिम हुनेछः-

(१) आवेदन गर्ने निकायलाई मेसिनरी औजार अनुदान उपलब्ध गराउनु अघि बोर्डले अनुगमन गर्न सक्नेछ।

(२) छनौट भएका प्रस्तावकहरूसँग अनुसूची-६ बमोजिमको ढाँचामा सम्झौता गरी सम्झौता अनुसारको रकम अनुदान प्राप्त गर्ने निकायले खरिद गरेको भ्याट बिल पेश गरे पछि अनुगमन निरीक्षण पश्चात उपलब्ध गराइने छ ।

(३) अनुदानमा उपलब्ध गराइएको मेसिनरी औजारहरूको अवस्था बारे बुझ्न बोर्डले कुनै पनि बेला अनुगमन गर्न सक्नेछ।

(४) बोर्ड, प्रदेश वा स्थानीय तहको प्रतिनिधित्व सहितको अनुगमन टोलीले कार्यक्रमको मर्म अनुरूप कार्य भएको वा नभएको बारे निरन्तर अनुगमन गर्नेछ ।[§]

## परिच्छेद - चार

## <u>चिया/कफी प्रशोधन कारखाना स्थापनाका लागि अनुदान सम्बन्धी व्यवस्था</u>

१४. <u>प्रस्ताव आह्वानः</u>

(क) बोर्डको स्वीकृत वार्षिक कार्यक्रम अनुसार राष्ट्रिय दैनिक पत्रिकामा प्रस्ताव आह्वानको सूचना प्रकाशित गरिने छ ।

(ख) प्रस्ताव आह्वानको सूचना अनुसूची-१ बमोजिम हुनेछ ।

(ग) निवेदकले अनुसूची-२ बमोजिमको निवेदन र सम्बन्धित जिल्लामा रहेको बोर्डको कार्यालय वा बोर्डको कार्यालय नभएको जिल्लाको हकमा सम्बन्धित पालिका[**]को सिफारिस सहित अनुसूची-३ बमोजिमको ढाँचामा प्रस्ताव पेश गर्नु पर्नेछ ।

१५. <u>प्रस्ताव मूल्याङ्कन तथा छनौट विधिः</u> प्रस्ताव मूल्याङ्कन तथा छनौट विधी देहाय बमोजिम हुनेछ :—

(१) प्रस्ताव आह्वान बमोजिम समय सिमा भित्र प्राप्त हुन आएका प्रस्तावहरू उपर बोर्ड व्यवस्थापनद्वारा अनुसूची-४ बमोजिम गठित प्राविधिक समितिले अनुसूची-५ बमोजिमको ढाँचामा मूल्याङ्कन गरी प्रतिस्पर्धाको आधारमा बोर्ड व्यवस्थापनलाई सिफारिस गर्नेछ ।

(२) प्राविधिक समितिको सिफारिसका आधारमा बोर्ड व्यवस्थापनले अन्तिम छनौट गरी निर्णय गर्नेछ।

(३) प्रस्तावकहरूको समान अंक भएमा बोर्ड व्यवस्थापनले आवेदकहरूको व्यवस्थापकिय तथा वित्तिय क्षमताको आधारमा निर्णय गर्नेछ ।

(४) छनौट भएका प्रस्तावकहरूसँग अनुसूची-६ बमोजिमको ढाँचामा सम्झौता गरी सार्वजनिक खरिद ऐन, २०७२ को प्रतिकुल नहुने गरी अनुदान उपलब्ध गराइनेछ ।

---

§ पहिलो संशोधन, २०७५ बाट थपिएको ।

** पहिलो संशोधन, २०७५ बाट थपिएको ।

१६. **अनुदान उपलब्ध गराइने आधारहरूः** अनुदान उपलब्ध गराइने आधारहरू देहाय बमोजिम हुनेछन् :—

(क) प्रस्तावको साथ संलग्न गर्नु पर्ने कागजातहरू अनिवार्य रूपमा पेश गर्नु पर्नेछ । माग अनुरूपका कागजातहरू अपुग भएमा प्रस्ताव रद्ध गर्न सकिनेछ ।

(ख) अनुदान लिन इच्छुक निकाय बोर्डमा दर्ता भएको हुनुपर्नेछ ।

(ग) उद्योग स्थापना हुने स्थानको गाविस/नगरपालिकाले सिफारिस गरेको हुनुपर्नेछ ।

(घ) सहकारी संघ/संस्थाहरूको नाममा स्थापना हुने कारखानाहरूको हकमा प्रस्ताव पेश गर्दा सम्बन्धित विषयगत संघ वा केन्द्रीय संघहरूले समेत सिफारिस गरेको हुनुपर्नेछ ।

(ङ) सहकारी संघ/संस्थाहरू सहकारीको सिद्धान्त र मूल्यमान्यता अनुरूप सञ्चालन भए/नभएको मूल्याङ्कन गरिनेछ ।

(च) भौतिक पुर्वाधारहरू तयार भईसकेका निर्माणाधिन कारखानालाई विशेष प्राथमिकता दिइनेछ।

(छ) अनुदान प्राप्त गर्नका लागि कारखाना स्थापना हुने स्थान वा आसपासमा देहाय बमोजिमको न्युनतम कच्चा पदार्थ उत्पादन तथा सङ्कलन भएको हुनुपर्नेछः-

| क्र.सं. | कारखानाको किसिम | प्रति दिन न्युनतम सङ्कलन |
|---|---|---|
| १ | लघु स्तरको स्पेसियालिटी चिया कारखाना | २०० केजी हरियो पत्ती |
| २ | मध्यम स्तरको सिटिसि चिया कारखाना | १,००० केजी हरियो पत्ती |
| ३ | ठूलो स्तरको सिटिसि चिया कारखाना | १५,००० केजी हरियो पत्ती |
| ४ | ठूलो स्तरको अर्थोडक्स चिया कारखाना | ८,००० केजी हरियो पत्ती |
| ५ | कफी कारखाना | ५०० केजी पार्चमेन्ट |
| ६ | ब्लेन्डिङ हाउस/Export Consortium | १०० केजी तयारी चिया |

१७. **उपलब्ध गराइने अनुदान रकमः** रजिस्टर्ड प्राविधिकहरूले गरेको इस्टिमेटका आधारमा बोर्डको स्वीकृत वार्षिक कार्यक्रम अनुसार देहाय बमोजिम हुने गरी कुल परियोजनाको ५० प्रतिशतसम्म अनुदान उपलब्ध गराइनेछ :—

| क्र.सं. | कारखानाको किसिम | अधिकतम अनुदान रकम |
|---|---|---|
| १ | लघु स्तरको स्पेसियालिटी चिया कारखाना | १५,००,०००।- (पन्ध्र लाख) |
| २ | मध्यम स्तरको चिया कारखाना | ३०,००,०००।- (तीस लाख) |
| ३ | ठूलो स्तरको सिटिसि चिया कारखाना | ३,५०,००,०००।- (तीन करोड पचास लाख) |
| ४ | ठूलो स्तरको अर्थोडक्स चिया कारखाना | २,५०,००,०००।- (दुई करोड पचास लाख) |
| ५ | कफी कारखाना | ५०,००,०००।- (पचास लाख) |
| ६ | ब्लेन्डिङ हाउस/Export Consortium | २,००,००,०००।- (दुई करोड) |

१८. **अनुगमन निरीक्षणः** छनौट भएका प्रस्तावित प्रशोधन कारखानाको सुरूवात पुर्व र कार्यसम्पादन पश्चात बोर्डले अनुगमन निरीक्षण गरे पछि मात्र रकम उपलब्ध गराइनेछ ।

सचिव

बोर्ड, प्रदेश वा स्थानीय तहको प्रतिनिधित्व सहितको अनुगमन टोलीले कार्यक्रमको मर्म अनुरूप कार्य भएको वा नभएको बारे निरन्तर अनुगमन गर्नेछ ।''

१९. **विशेष व्यवस्थाः**

(क) बोर्डद्वारा अनुदान सहयोग लिई स्थापना भएका कारखानाहरूले आफ्नो व्यवस्थापनमा बोर्डको तर्फबाट एक जना प्रतिनिधिलाई सदस्यको रूपमा अनिवार्य प्रतिनिधित्व गराउनु पर्नेछ ।

(ख) यसरी स्थापना भएका कारखानाहरू बोर्डको अनुमति विना व्यवस्थापन तथा स्वामित्व हस्तान्तरण गर्न पाइने छैन ।

## परिच्छेद - पाँच

## आन्तरिक नियन्त्रण प्रणाली (ICS)को व्यवस्थापन अनुदान सम्बन्धी व्यवस्था

२०. **प्रस्ताव आह्वानः**

(क) बोर्डको स्वीकृत वार्षिक कार्यक्रम अनुसार राष्ट्रिय दैनिक पत्रिकामा प्रस्ताव आह्वानको सूचना प्रकाशित गरिने छ ।

(ख) प्रस्ताव आह्वानको सूचना अनुसूची-१ बमोजिम हुनेछ ।

(ग) निवेदकले अनुसूची-२ बमोजिमको निवेदन र सम्बन्धित जिल्लामा रहेको बोर्डको कार्यालय वा बोर्डको कार्यालय नभएको जिल्लाको हकमा जिल्ला कृषि विकास कार्यालयको सिफारिस सहित अनुसूची-३ बमोजिमको ढाँचामा प्रस्ताव पेश गर्नु पर्नेछ ।

२१. **प्रस्ताव मूल्याङ्कन तथा छनौट विधिः** प्रस्ताव मूल्याङ्कन तथा छनौट विधी देहाय बमोजिम हुनेछ :—

(१) प्रस्ताव आह्वान बमोजिम समय सिमा भित्र प्राप्त हुन आएका प्रस्तावहरू उपर बोर्ड व्यवस्थापनद्वारा अनुसूची-४ बमोजिम गठित प्राविधिक समितिले अनुसूची-५ बमोजिमको ढाँचामा मूल्याङ्कन गरी प्रतिस्पर्धाको आधारमा बोर्ड व्यवस्थापनलाई सिफारिस गर्नेछ ।

(२) प्राविधिक समितिको सिफारिसका आधारमा बोर्ड व्यवस्थापनले अन्तिम छनौट गरी निर्णय गर्नेछ।

(३) प्रस्तावकहरूको समान अंक भएमा बोर्ड व्यवस्थापनले आवेदकहरूको व्यवस्थापकिय तथा वित्तिय क्षमताको आधारमा निर्णय गर्नेछ ।

(४) छनौट भएका प्रस्तावकहरूसँग अनुसूची-६ बमोजिमको ढाँचामा सम्झौता गरी प्राङ्गारिक प्रमाणिकरण भएका कृषक संख्याको आधारमा अनुदान रकम उपलब्ध गराइनेछ ।

२२. **अनुदान उपलब्ध गराइने आधारहरूः** अनुदान उपलब्ध गराइने आधारहरू देहाय बमोजिम हुनेछन् :—

(क) प्रस्तावको साथ संलग्न गर्नु पर्ने (ICS) का आधारभुत कागजातहरू (कृषक डायरी, चेक लिष्ट, सम्झौता) अनिवार्य रूपमा पेश गर्नु पर्नेछ । माग अनुरूपका कागजातहरू अपुग भएमा प्रस्ताव रद्ध गर्न सकिनेछ ।

'' पहिलो संशोधन, २०७५ बाट थपिएको ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

(ख) अनुदान लिन इच्छुक निकाय बोर्डमा दर्ता भएको हुनुपर्ने छ।

(ग) चिया/कफी उत्पादक सहकारी संघ/संस्थाहरूको प्रस्तावलाई प्राथमिकता दिइनेछ।

(घ) सोही कार्यको लागि अन्य निकायबाट अनुदान लिएको भए उल्लेख गर्नु पर्नेछ ।

२३. <u>उपलब्ध गराइने अनुदान रकमः</u> छनौट भएका प्रस्तावकहरूलाई प्राङ्गारिक प्रमाणिकरणको प्रमाणपत्रमा उल्लेख भएको कृषक संख्याका आधारमा रू ४०० (चार सय रूपैयाँ) प्रति कृषकको दरले आन्तरिक नियन्त्रण प्रणालीको व्यवस्थापन वापत अनुदान रकम उपलब्ध गराइने छ।

२४. <u>अनुगमन निरीक्षणः</u> आवेदन गर्ने निकायलाई अनुदान उपलब्ध गराउनु अघि बोर्डले अनुगमन गर्न सक्नेछ। अनुदान रकम उपलब्ध गराई सके पछि कृषकको प्राङ्गारिक प्रमाणिकरणको अवस्था बारे बुझ्न बोर्डले कुनै पनि बेला अनुगमन गर्न सक्नेछ।

बोर्ड, प्रदेश वा स्थानीय तहको प्रतिनिधित्व सहितको अनुगमन टोलीले कार्यक्रमको मर्म अनुरूप कार्य भएको वा नभएको बारे निरन्तर अनुगमन गर्नेछ ।''

## परिच्छेद - छ

## <u>विविध</u>

२५. <u>सम्झौताः</u> छनौट भएका निकायसँग कार्यक्रम सञ्चालनका लागि अनुसूची-६ बमोजिमको ढाँचामा सम्झौता गरिनेछ । विषय र परिस्थिति अनुसार उक्त ढाँचामा शर्तहरू थपघट गर्न सकिनेछ ।

२६. <u>भुक्तानी गर्ने विधिः</u> प्राप्त प्रस्तावहरूबाट अनुदानका लागि छनौट भएका निकायहरूलाई जानकारी गराई अनुसूची-६ बमोजिमको ढाँचामा सम्झौता गरी अनुदान रकम अनुदान प्राप्त गर्ने निकायको बैंकको खातामा जम्मा गरिने छ ।

२७. <u>कार्वाहीको व्यवस्थाः</u> प्रस्ताव स्वीकृत भएका निकायहरूले प्रस्ताव र सम्झौता अनुसार जुन प्रयोजनका लागि अनुदान उपलब्ध गराइएको हो सो बाहेक अन्य प्रयोजनमा प्रयोग भएमा वा दुरूपयोग भएमा व्यवसाय वा सम्पत्तिको आयु दश वर्ष मानी दुरूपयोग भएको वा उपयोग नभएको समय पछिको बाँकी अवधिको घट्दो वार्षिक १० प्रतिशतका दरले अनुदान रकम नेपाल सरकारको प्रचलित ऐन, नियम र कानुन बमोजिम सरकारी रकम बाँकी सरह असुल उपर वा अन्य कारवाही गरिने छ ।

२८. <u>नाम उल्लेख गर्ने सम्बन्धमाः</u>

(क) अनुदान प्राप्त गरेको निकायले अनुदान प्राप्त गरेको मेसिनरी औजरमा "नेपाल सरकार, राष्ट्रिय चिया तथा कफी विकास बोर्डबाट अनुदान प्राप्त" स्पस्ट रूपमा लेख्नु पर्नेछ ।

(ख) नर्सरी, विरूवा रोपण तथा कारखानाको हकमा पनि उपयूक्त स्थानमा अनुदान विवरण खुलाई मेटल बोर्ड राख्नुपर्ने छ ।

---

** पहिलो संशोधन, २०७५ बाट थपिएको ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

२९. <u>अभिलेख राख्ने व्यवस्था:</u>

(क) प्रस्ताव स्वीकृत भएका निकायहरूको विवरण अनुसूची-८ बमोजिमको निर्दिष्ट ढाँचामा अभिलेख राखिनेछ।

(ख) अनुसूची-८ बमोजिमको ढाँचामा चिया र कफीको लगत छुट्टा-छुट्टै राख्नु पर्नेछ ।

३०. <u>अनुगमन निरीक्षण सम्बन्धी व्यवस्था:</u>

(क) बोर्डले जुनसुकै बेला अनुदान प्राप्त गर्ने निकायको अनुगमन गर्न सक्नेछ ।

(ख) सो को लागि कार्यकारी निर्देशकले बोर्डका कर्मचारी वा सम्बन्धित पालिका§§को सहयोग लिई कृषि तथा पशुपन्छी*** विकास मन्त्रालयसँग समन्वयमा अनुगमन निरीक्षण गराउन सक्नेछ।

(ग) विधि नं. २७ को कारवाहीको व्यवस्था कार्यान्वयन गर्न बोर्डले वार्षिक रूपमा प्रतिवेदन तयार गरी कृषि तथा पशुपन्छी*** विकास मन्त्रालयमा प्रतिवेदन गर्नु पर्ने छ । मन्त्रालयले सो प्रतिवेदनको विवरण अध्यावधिक गरी असुली र अन्य कारवाहीको व्यवस्था मिलाउने छ ।

(घ) बोर्ड, प्रदेश वा स्थानीय तहको प्रतिनिधित्व सहितको अनुगमन टोलीले कार्यक्रमको मर्म अनुरूप कार्य भएको वा नभएको बारे निरन्तर अनुगमन गर्नेछ ।†††

३१. <u>अन्य निकायसँग समन्वय सम्बन्धी व्यवस्था:</u>

(क) कफीको गुणस्तरीय बीउ, बिरूवा उत्पादन र नर्सरी सम्बन्धी तालिमका लागि सम्भव भएसम्म कफी अनुसन्धान केन्द्र, गुल्मीसँग समन्वय गरी कार्य गरिनेछ ।

(ख) नेपाल सरकारका कुनै पनि निकायहरूसँगको सहयोग र समन्वयमा समेत कार्यक्रमहरू सञ्चालन गर्न सकिनेछ ।

३२. <u>ठूला परियोजना लागु भएको अवस्थामा:</u> चिया र कफीमा काम गर्ने गरी बोर्डको समन्वयमा ठूला परियोजना लागु भएका जिल्लाहरूमा ति परियोजना मार्फत नै कार्य गरिनेछ ।

३३. <u>विवाद समाधान:</u> यस कार्यविधि अनुसार सम्पन्न गरिने कामको सिलसिलामा कुनै विवाद वा भ्रम श्रृजना भएमा सो को निराकरण गर्ने जिम्मेवारी बोर्ड व्यवस्थापनको हुनेछ र बोर्डको निर्णय नै अन्तिम हुनेछ ।

३४. <u>प्रचलित कानुन लागु हुने:</u> कार्यक्रम कार्यान्वयनको सम्बन्धमा यस कार्यविधिमा उल्लेख भएकोमा सोहि बमोजिम र उल्लेख नभएको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

३५. <u>कार्यविधि संशोधन तथा खारेजी:</u> आवश्यकता अनुसार बोर्ड व्यवस्थापनको सिफारिसमा नेपाल सरकार, कृषि तथा पशुपन्छी‡‡‡ विकास मन्त्रालयले यस कार्यविधिमा संशोधन एवम् खारेजी गर्न सक्नेछ ।

---

§§ पहिलो संशोधन, २०७५ बाट संशोधन गरिएको ।
*** पहिलो संशोधन, २०७५ बाट संशोधन गरिएको ।
††† पहिलो संशोधन, २०७५ बाट थप गरिएको ।
‡‡‡ पहिलो संशोधन, २०७५ बाट थप गरिएको ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

## अनुसूची -१

(विधि नं. ४(ख), ९(ख), १४(ख) र २०(ख) सँग सम्बन्धित)

__प्रस्ताव आह्वान सूचनाको ढाँचा__

# राष्ट्रिय चिया तथा कफी विकास बोर्ड

.....................................

..................................

## चिया/कफी विस्तार कार्यक्रम / मेसिनरी औजार / कारखाना स्थापनार्थ अनुदानको लागि प्रस्ताव आह्वान सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति ................................

राष्ट्रिय चिया तथा कफी विकास बोर्डको आ.व. २०../...को स्वीकृत वार्षिक कार्यक्रम अनुसार चिया/कफी विस्तार कार्यक्रम (नर्सरी, विरुवा रोपण तथा ICS सम्बन्धी), मेसिनरी औजार (चिया प्लकिङ मेसिन, कफी पल्पिङ मेसिन) तथा चिया/कफी कारखाना स्थापनाका लागि "राष्ट्रिय चिया तथा कफी विकास बोर्डबाट सञ्चालन गरिने कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७२"मा भएको व्यवस्था अनुसार अनुदान उपलब्ध गराउने सम्बन्धमा प्रस्ताव आह्वानका लागि यो सूचना प्रकाशित गरिएको छ । इच्छुक कृषक समुह, फर्म, उद्योग, सहकारी, संघ/संस्थाहरूले तपशिल बमोजिमका कागजातहरू संलग्न गरी .... दिन भित्र निवेदन पेश गर्न सम्बन्धित सबैमा जानकारी गराइन्छ ।

**तपशिल**

१. अनुसूची-२ बमोजिमको निवेदन
२. अनुसूची-३ बमोजिमको परियोजना प्रस्ताव
३. नविकरण सहितको संस्था दर्ता प्रमाणपत्र
४. स्थायी लेखा नम्बर (PAN) प्रमाणपत्रको प्रतिलिपि (दर्ता भएको भए)
५. बोर्ड दर्ता प्रमाणपत्रको प्रतिलिपि
६. सम्बन्धित जिल्लाको बोर्डको कार्यालय वा पालिका§§§को सिफारिस
७. अघिल्लो वर्षको लेखापरिक्षण प्रतिवेदनको प्रतिलिपि तथा साधारणसभाको निर्णय प्रतिलिपि
८. सञ्चालक समितिको निर्णयको प्रतिलिपि
९. संस्थाको प्रमुख व्यक्तिको नागरिकताको प्रतिलिप
१०. सम्बन्धित विषयगत जिल्ला संघ वा केन्द्रीय संघको सिफारिस
११. गा.विस/न.पाको सिफारिस (उद्योग स्थापनाको लागि मात्र)
१२. ICS का आधारभुत कागजातहरू (ICS व्यवस्थापन अनुदानको लागि मात्र)

कार्यविधि, अनुसूची एवम् विस्तृत विवरणको लागि बोर्डको सूचना पाटी वा वेभसाइट www.teacoffee.gov.np/np मा हेर्न सक्नु हुनेछ । थप जानकारीका लागि फोन नं. ४४९०३७१, ४४९९७८६, फ्याक्स: ४४९७९४१

§§§ पहिलो संशोधन, २०७५ बाट संशोधन गरिएको ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

# अनुसूची -२

(विधि नं. ४(ग), ९(ग), १४(ग) र २०(ग) सँग सम्बन्धित)

## निवेदन दिने ढाँचा

श्रीमान् प्रमुखज्यू,
राष्ट्रिय चिया तथा कफी विकास बोर्ड
..........................................

**विषयः अनुदानका लागि प्रस्ताव पेश गरिएको बारे ।**

राष्ट्रिय चिया तथा कफी विकास बोर्डको मिति .................... को राष्ट्रिय दैनिक ....................... मा प्रकाशित सूचना अनुसार जिल्ला ....................... गा.पा****/न.पा................................ वडा नं. ........ टोल/गाउँ..........................मा म/हामी ..............................................ले तपशिल बमोजिमको चिया / कफी विस्तार कार्यक्रम / मेसिनरी औजार / कारखाना स्थापनाको लागि सूचनामा उल्लेख भए अनुसारका कागजातहरू संलग्न गरी अनुदानको लागि यो निवेदन पेश गरेको छु/छौं ।

तपशिल

| | | |
|---|---|---|
| **नर्सरी अनुदान** | :- | उत्पादन गर्ने विरूवा संख्या ................................ |
| **विरूवा रोपण अनुदान** | :- | विरूवा संख्या.................................................. |
| | | रोपनी ........................................................ |
| **मेसिनरी औजार अनुदान** | :- | मेसिनको नाम.................................................. |
| | | थान ........................................................... |
| **कारखाना स्थापनार्थ अनुदान** | :- | कारखानाको किसिम......................................... |
| | | कारखानाको क्षमता ......................................... |
| **ICS व्यवस्थापन अनुदान** | :- | कृषक संख्या.................................................. |
| | | अनुदान रकम ................................................ |

निवेदक

प्रस्तावक संस्थाको तर्फबाट

प्रस्तावक संस्थाको नाम.........................................................

संस्थाको प्रमुख व्यक्तिको नाम.........................................................

दस्तखत.......................

मिति..........................

सम्पर्क नं............................

संस्थाको छाप

**** पहिलो संशोधन, २०७५ बाट संशोधन गरिएको ।

**अनुसूची -३**

(विधि नं. ४(ग), ९(ग), १४(ग) र २०(ग) सँग सम्बन्धित)

**परियोजना प्रस्तावको ढाँचा**

**क. संस्थाको विवरण**

१. संस्थाको नाम र परिचय

२. संस्था दर्ता नं. र दर्ता भएको कार्यालय

३. VAT/PAN दर्ता नं. (दर्ता भएको भए)

४. हालको चियाको हरियो पत्ति / कफीको फ्रेस चेरी उत्पादन परिमाण (प्रति दिन)

५. पेश गरेको प्रस्तावको नाम

उद्देश्य/आवश्यकता

**ख. प्राविधिक प्रस्ताव**

१. परियोजना कार्यान्वयन हुने स्थान

विरूवा संख्या कुल रोपनी लाभान्वित कृषक संख्या

२. परियोजना कार्यान्वयन हुने स्थानमा विद्यमान भौतिक पुर्वाधारहरू

सडक छ/छैन कच्ची/पक्की

विजुली छ/छैन सिंचाइको व्यवस्था के छ ?

नजिकको बजारको नाम दुरी ?

३. परियोजनाको सम्भाव्यता विस्तृत विवरण

प्राविधिक पक्ष (हाल अपनाइएको प्रविधि, प्राविधिक कर्मचारी, तालिमको आवश्यकता आदी)

विरूवा रोपण अनुदानको लागि भए विरूवाको श्रोत र विवरण

नर्सरी अनुदानको लागि भए वीउ/कटिङ डालाको श्रोत र विवरण

कारखाना स्थापनाको लागि भए विस्तृत इन्जिनियरिङ तथा लागत इस्टिमेट

आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थापन अनुदानको लागि भए प्राङ्गारिक प्रमाणिकरण बारे विस्तृत विवरण

४. लक्षित तथा लाभान्वित कृषकहरूको विवरण

**ग. आर्थिक प्रस्ताव**

१. अनुमानित कार्यक्रम बजेट

संस्थाले व्यहोर्ने रकम

बोर्डबाट अनुदान रकम

२. विस्तृत वित्तिय विश्लेषण (IRR, BC Ratio) सहित परियोजना प्रस्ताव (कारखाना स्थापनाको लागि मात्र)

३. अन्य केही भए

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

## अनुसूची -४

(विधि नं. ५(१), १०(१), १५(१) र २१(१) सँग सम्बन्धित)

**प्राविधिक समिति**[††††]

क) केन्द्रीय कार्यालयबाट कार्यक्रम कार्यान्वयन हुने अवस्थामा ।

| | |
|---|---|
| बोर्डको निर्देशक | - संयोजक |
| बोर्ड सदस्य, एक जना | - सदस्य |
| बोर्डको उपनिर्देशक | - सदस्य |
| प्रतिनिधि, कृषि तथा पशुपन्छी विकास मन्त्रालय, बजेट तथा कार्यक्रम शाखा | - सदस्य |
| कृषि विकास अधिकृत (बोर्डको योजना शाखा हेर्ने) | - सदस्य |

ख) क्षेत्रीय कार्यालयबाट कार्यक्रम कार्यान्वयन हुने अवस्थामा ।

| | |
|---|---|
| क्षेत्रीय प्रमुख | -संयोजक |
| प्रतिनिधि, प्रदेश भुमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय | -सदस्य |
| प्रतिनिधि, चिया/कफी विषयगत संघ | -सदस्य |
| बोर्डको कृषि विकास अधिकृत | -सदस्य |
| बोर्डको कृषि प्राविधिक | -सदस्य |

ग) जिल्लास्थित कार्यालयबाट कार्यक्रम कार्यान्वयन हुने अवस्थामा ।

| | |
|---|---|
| कार्यालय प्रमुख | -संयोजक |
| प्रतिनिधि, स्थानिय तहको कृषि शाखा | -सदस्य |
| प्रतिनिधि, चिया/कफी विषयगत जिल्ला संघ | -सदस्य |

---

†††† पहिलो संशोधन, २०७५ बाट संशोधन गरिएको ।



सचिव

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

# अनुसूची -५

(विधि नं. ५(१), १०(१), १५(१) र २१(१) सँग सम्बन्धित)

## छनौट गर्नका लागि मूल्याङ्कन गर्ने आधारहरू

| क्र.सं | विवरण | पूर्णाङ्क | अंक प्रदान |
|---|---|---|---|
| १ | व्यवसायको आकार | २० | १० अंक (तोकिएको न्युनतम परिमाणमा प्रस्ताव पेश भए)<br>११-१५ अंक (तोकिएको न्युनतम परिमाण भन्दा ३०% देखि ५०% सम्म प्रस्ताव पेश भए)<br>१६-२० अंक (तोकिएको न्युनतम परिमाण भन्दा ५०% देखि माथि प्रस्ताव पेश) |
| २ | लाभान्वित हुने कृषक संख्या | २० | १० अंक (२० देखि ५० जना)<br>११-१५ अंक (५१ देखि १०० जना)<br>१६-२० अंक (१०० जना भन्दा माथि) |
| ३. | आवेदक संस्थाको स्वरूप | २० | १० अंक (कृषक समुह भए)<br>१५ अंक (निजी फर्म तथा दर्तावाल समुह भए)<br>२०अंक(महिला तथा लक्षित समुदायद्वारा सञ्चालित फर्म तथा सहकारी भए) |
| ४. | परियोजना स्थल वरिपरिको भौतिक पुर्वाधारको अवस्था | २० | १० अंक (सिंचाइ उपलब्ध भए)<br>१५ अंक (सिंचाइ र विजुलीको व्यवस्था भए)<br>२० अंक (सिंचाइ, विजुली, सडक र बजारको व्यवस्था भए) |
| ५. | अनुदानका लागि कार्यविधिमा उल्लेख भएका आधारहरूको अवस्था | २० | १० अंक (उल्लेखितमध्ये ५० प्रतिशत भन्दा कम आधारहरू भए)<br>११-१५ अंक (उल्लेखितमध्ये ५०-७५ प्रतिशत आधारहरू भए)<br>१६-२० अंक (उल्लेखितमध्ये ७५-१०० प्रतिशत आधारहरू भए) |

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौ

## अनुसूची -६

(विधि नं. २५ सँग सम्बन्धित)

### सम्झौता पत्रको ढाँचा

राष्ट्रिय चिया तथा कफी विकास बोर्डको आ.व. २०../... को स्वीकृत वार्षिक कार्यक्रम अनुसार चिया/कफी विस्तार कार्यक्रम / मेसिन औजार / कारखान स्थापनाको लागि अनुदान दिन पेश भएको प्रस्ताव मध्ये मिति ..............................मा बसेको बोर्ड व्यवस्थापनको बैठकबाट श्री.......................................... (संस्थाको नाम) लाई अनुदान दिने निर्णय भएकोले राष्ट्रिय चिया तथा कफी बिकास बोर्ड (यसपछि प्रथम पक्ष भनिने) र ............................................ (संस्थाको नाम, ठेगाना) (यसपछि दोश्रो पक्ष भनिने बीच तपसिल बमोजिमको सेवा र शर्त अनुसार सम्झौता गरियो ।

**शर्तहरू**

१. दोश्रो पक्षको परियोजना प्रस्ताव अनुसार ..................................(संस्था रहेको ठाउँ र जिल्ला) मा चिया/कफी विस्तार कार्यक्रम / मेसिनरी औजार / कारखाना सञ्चालन गर्न प्रथम पक्षबाट रू........................................ (अक्षेरूपी...............................................................) अनुदान स्वरूप उपलब्ध गराइनेछ भने बाँकी रकम दोश्रो पक्ष आफैले लगानी गर्नु पर्नेछ ।

२. प्रथम पक्षबाट प्राप्त भएको अनुदान रकम जिल्ला............................ गा.पा./न.पा. ................................ वडा नं........ टोल.............मा प्रयोग गरी कार्यक्रम कार्यान्वयन गरिने छ।

३. प्रथम पक्षको अनुदानमा खरिद कुनै पनि मेसिन औजार प्रथम पक्षको अनुमती विना स्थानान्तरण, बेचविखन वा हस्तान्तरण गर्न पाइने छैन ।

४. प्रथम पक्षबाट अनुदान स्वरूप उपलब्ध रकमबाट खरिद मेसिन उपकरणको मर्मत संभार दोश्रो पक्ष आफैले गर्नु पर्ने छ ।

५. दोश्रो पक्षले चौमासिक रूपमा नियमित प्रगति विवरण लगायत अन्य तथ्याङ्कहरू प्रथम पक्षलाई अनिवार्य उपलब्ध गराउनु पर्नेछ ।

६. दोश्रो पक्षले मेटल बोर्ड तथा मेशिनमा सहयोगको किसिम उल्लेख गरी अनिवार्य रूपमा प्रथम पक्षको नाम राख्नु पर्नेछ।

७. प्रथम पक्षबाट कुनै पनि वेला सम्झौता बमोजिम काम भएको/नभएको स्थलगत जानकारी लिन अनुगमन निरीक्षण गर्न सक्ने छ।

८. दोश्रो पक्षद्वारा प्रस्ताव र सम्झौता अनुसार कार्यक्रम सम्पन्न नगरी अनुदानलाई दुरूपयोग गरेको पाइएमा अनुदान रकम सरकारी रकम बाँकी सरह असुल उपर गरिनेछ ।

९. यस सम्झौतामा उल्लेख नभएका विषयमा नेपाल सरकारको प्रचलित ऐन नियम बमोजिम हुनेछ ।

| दोश्रो पक्ष | प्रथम पक्ष |
|---|---|
| दस्तखत | दस्तखत |
| नाम | नाम |
| पद | पद |
| संस्था | संस्थाः राष्ट्रिय चिया तथा कफी विकास बोर्ड |

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

## अनुसूची -७

(विधि नं. ८(४) सँग सम्बन्धित)

**चिया/कफी विस्तार कार्यक्रमको लागि अनुगमन प्रतिवेदनको ढाँचा**

स्थालगत अनुगमन मिति................................ जिल्ला................................ गाविस/न.पा................................

अनुदान आवेदक संस्थाको नाम................................................................................................

संस्थाको प्रमुख वा सम्पर्क व्यक्तिको नाम................................................................................................

अनुदानको किसिम ☐नर्सरी ☐विरूवा रोपण

१. नर्सरी अनुदान लिनेको कार्य स्थिति

क. नर्सरी स्थापना भएको छ कि छैन ☐छ ☐छैन

ख. छ भने कति क्षेत्रफलमा? ......................... वर्ग मि.

ग. कति परिमाणको वीउ/कटिङ् डाला रोपेको ......................... केजी/थान

घ. नर्सरीको अवस्था कस्तो छ? ☐राम्रो ☐ठीकै ☐नराम्रो

ङ. छहारीको व्यवस्था कस्तो छ? ☐राम्रो ☐ठीकै ☐नराम्रो

च. सिंचाइको व्यवस्था छ कि छैन? ☐छ ☐छैन

छ. विरूवामा रोग किरा लागेको छ कि छैन? ☐छ ☐छैन

ज. विरूवा हुर्के पछि विरूवा रोप्ने स्थल कहाँ हो?................................................................................................

२. विरूवा अनुदान लिनेको कार्य स्थिति

क. विरूवा ल्याइने नर्सरीको पहिचान भएको छ कि छैन ? ☐छ ☐छैन

ख. छ भने नर्सरी धनीको नाम, ठेगाना र सम्पर्क ................................................................................................

ग. उक्त नर्सरी दर्ता भएको छ कि छैन ? ☐छ ☐छैन

घ. विरूवा रोपण कति क्षेत्रफलमा गर्ने हो ? ................रोपनी

ङ. विरूवा रोपण कति संख्यामा गर्ने हो ? ..................वटा

च. पहिचान भएको नर्सरीमा सो परिमाणमा विरूवा छ कि छैन ? ☐छ ☐छैन

छ. रोपण गर्ने भनिएको स्थलमा सिंचाइको व्यवस्था छ कि छैन? ☐छ ☐छैन

ज. रोपण गर्ने भनिएको स्थलमा छहारीको व्यवस्था छ कि छैन? ☐छ ☐छैन

३. सोही कामको लागि अन्य निकायबाट अनुदान लिएको छ कि छैन? ☐छ ☐छैन

४. छ भने पुरा विवरण ................................................................................................

५. अनुदान लिने निकाएका समस्याहरू के के हुन् ?

................................................................................................

................................................................................................

६. अनुदान रकम सदुपयोग भएको/नभएको बारे अनुगमनको सुझाव

................................................................................................

................................................................................................

७. स्थलगत निरीक्षणकर्ताहरूको विवरण

| क.सं. | नाम | पद | कार्यालय/संस्थाको नाम | हस्ताक्षर |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |

१६

**अनुसूची -८**

(विधि नं. २९ सँग सम्बन्धित)

**अभिलेखको ढाँचा**

## (क) चिया / कफी खेती विस्तार अनुदान विवरण, (आ.व. .../...)

| क.सं. | संस्थाको नाम | परियोजना रहेको स्थान | प्रमुख व्यक्तिको नाम | सम्पर्क नं. | नर्सरी अनुदान | | | विरूवा अनुदान | | | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | कटिङ डाला/वीउ परिमाण (थान/केजी) | अनुदान दर | अनुदान रकम | विरूवाको परिमाण (थान) | अनुदान दर | अनुदान रकम | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |
| | | | | | | | | | | | | |

## (ख) मेसिनरी औजार / कारखाना स्थापना अनुदान विवरण (आ.व. .../...)

| क.सं. | संस्थाको नाम | मेसिनको नाम | मेसिन रहने स्थान | प्रमुख व्यक्तिको नाम | सम्पर्क नं. | परिमाण | दर | संस्थाले व्यहोरेको | बोर्डको अनुदान | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

## (ग) आन्तरिक नियन्त्रण प्रणाली (ICS) को व्यवस्थापन अनुदान विवरण (आ.व. .../...)

| क.सं. | संस्थाको नाम | प्रमुख व्यक्तिको नाम | सम्पर्क नं. | कृषक संख्या | दर | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |
| | | | | | | | |